बैठक संख्या १७

आज मिति २०७४ साल चैत २ गतेका दिन तिलोत्तमा नगरपालिका नगर कार्यपालिकाको बैठक समितिका अध्यक्ष एवम नगर प्रमुख श्री बासुदेव घिमिरेज्यूको अध्यक्षतामा वसी तपसिल बमोजिमको उपस्थितीमा निम्नअनुसारका निर्णयहरु गरियो ।

**उपस्थिती**

| | | |
|---|---|---|
| १. | **नगर प्रमुख श्री बासुदेब** घिमिरे | नगर कार्यपालिका अध्यक्ष |
| २. | **नगर** उप **प्रमुख** श्री जगेश्वर देवी चौधरी | नगर कार्यपालिका सदस्य |
| ३. | श्री अजुर्न थापा | नगर कार्यपालिका का.वा. सदस्य |
| ४. | श्री दधिराम गौतम | नगर कार्यपालिका सदस्य |
| ५. | श्री टंक प्रसाद तिवारी | नगर कार्यपालिका सदस्य |
| ६. | श्री दिवाकर ढकाल | नगर कार्यपालिका सदस्य |
| ७. | श्री चेत नारायण भण्डारी | नगर कार्यपालिका सदस्य |
| ८. | श्री सुखदेव न्यौपान | नगर कार्यपालिका सदस्य |
| ९. | श्री दुर्गाप्रसाद पाण्ड | नगर कार्यपालिका सदस्य |
| १०. | श्री कृष्णप्रसाद पौडेल | नगर कार्यपालिका सदस्य |
| ११. | श्री नारायण न्यौपान | नगर कार्यपालिका सदस्य |
| १२ | श्री व्यास मुन थारु | नगर कार्यपालिका सदस्य |
| १३. | श्री मुक्तिनारायण चौधरी थारु | नगर कार्यपालिका सदस्य |
| १४. | श्री सहदेव थारु | नगर कार्यपालिका सदस्य |
| १५. | श्री गणेश न्यौपाने | नगर कार्यपालिका सदस्य |
| १६. | श्री सोहन प्रसाद थारु | नगर कार्यपालिका सदस्य |
| १७. | श्री खेमराज गुरुङ्ग | नगर कार्यपालिका सदस्य |
| १८. | श्री झविलाल भुसाल | नगर कार्यपालिका सदस्य |
| १९. | श्री दान वहादुर चौधरी | नगर कार्यपालिका सदस्य |
| २०. | श्री गिता कुमारी सापकोटा | नगर कार्यपालिका सदस्य |
| २१. | श्री गायत्री पाण्डे | नगर कार्यपालिका सदस्य |
| २२. | श्री संगिता गुरुङ | नगर कार्यपालिका सदस्य |
| २३. | **श्री राधा शाही** | नगर कार्यपालिका सदस्य |
| २४. | श्री मिरा कुमारी वि.क. | नगर कार्यपालिका सदस्य |
| २५. | श्री लक्ष्मण नेपाली | नगर कार्यपालिका सदस्य |
| २६. | श्री सुरेन्द्र श्री विश्वकर्मा | नगर कार्यपालिका सदस्य |
| २७. | श्री हर्क बहादुर सार्की रम्तेल | नगर कार्यपालिका सदस्य |
| २८. | श्री कृष्णप्रसाद सापकोटा | नगर कार्यपालिका सदस्य सचिव |

अन्य उपस्थिती:

१. लेखा अधिकृत श्री धनिश्वर पोखेल

२. सुचना प्रविधि अधिकृत श्री सुदिप ढकाल

३. स्वकिय सचिव श्री विष्णु प्रसाद अर्याल

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
वैठक नं १७

**प्रस्तावहरु :**

१. अवलोकन तथा अध्ययन भ्रमण सम्वन्धमा ।
२. भगिनी सम्बन्ध कायम गर्ने सम्वन्धमा ।
३. स्वायत्त क्षेत्र घोषणाको लागि सिफारिस गर्ने सम्वन्धमा ।
४. मुख्य तथा सहायक सडकहरुको मापदण्ड निर्धारण सम्वन्धमा ।
५. सडक ग्राभेलको भुक्तानी सम्बन्धमा ।
६. प्रदेश सरकारको स्थायी भौतिक संरचना निर्माणका लागि जग्गा व्यवस्थापन तथा अन्य सामुदायिक निकायहरुका सम्बन्धमा समेत ।
७. जग्गा प्लटिङ्ग मापदण्ड सम्वन्धमा ।
८. क्रसर उद्योग सम्वन्धमा ।
९. आचार सहिंता कार्यान्वयन समिति सम्वन्धमा ।
१०. विश्व वैंकका योजनाहरुको प्राथमिकरण सम्वन्धमा ।
११. तालिम संचालन सम्वन्धमा ।
१२. आर्थिक विवरण सम्वन्धमा ।
१३. विविध

**निर्णय १**

- स्थानीय सरकार ऐन २०७४ अनुसार आर्थिक वर्ष २०७५ को श्रावण एक गते लागू गरिने एकीकृत सम्पत्तिकर प्रणाली र समुदायमा आधारित फोहोरमैला व्यवस्थापन प्रणालीको अध्ययन अवलोकन गर्नको लागि नगर प्रमुखको नेतृत्वमा नगरकार्यपालिकाका ईच्छुक सदस्यहरु, नगरपालिका अधिकृत कर्मचारी, खानेपानी तथा सरसफाई संस्थाका अध्यक्ष, प्रमुख राजनैतिक दलका नगरस्तरीय प्रमुख लगायतको टोलीले हेटौडा र ईटहरी उपमहानगरपालिकाले अवलम्बन गरेको एकीकृत सम्पत्ति कर प्रणालीको अध्ययन गर्नुका अतिरिक्त ईलाम र धनकुटा नगरपालिकाको फोहोरमैला व्यवस्थापन पद्धतिको अवलोकन समेत गर्न मिति २०७४।१२।०६ गते त्यसतर्फ जाने निर्णय गरियो ।

**निर्णय २**

- प्रदेश नम्वर एकमा अवस्थित धनकुटा जिल्लाको सदरमुकामको रुपमा रहेको धनकुटा नगरपालिकाकासँग विकास व्यवस्थापन, सेवा प्रवाह, सांस्कृतिक आदान-प्रदान, सामाजिक सद्भाव लगायतका विषयमा सहजता कायम गर्न एक आपसको सम्बन्धलाई अझ प्रगाढ बनाउनको लागि दुवै नगरपालिका बीच भगिनी सम्वन्ध कायम गर्ने निर्णय गरियो ।

**निर्णय ३**

- स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ९९ को उपदफा २ को (ग) बमोजिम एकै भाषा, संस्कृति भएका समुदायको सघन उपस्थिति र बाहुल्यता रहेको, सामाजिक तथा आर्थिक विकास सूचकाङ्क राष्ट्रिय औषतभन्दा कम रहेको वडा नं १७ लाई स्वायत्त क्षेत्रको रुपमा घोषणा गर्नको लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय ४**

- यस नगरपालिका भित्रका देहायका स्थानीय सडकहरुको दायाँ बायाँको अधिकार क्षेत्र (राईट अफ वे) को सीमा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४५ बमोजिम न्यूनतम १३ मिटर तोक्ने निर्णय गरियो । साथै उक्त सडक मध्ये तिलोत्तमा चक्रपथमा पर्ने सडकको हकमा नयाँ मापदण्ड कायम गरि लागू गरिने समेत निर्णय गरियो ।

| क्र.सं | सडकको नाम र वडा नं |
|---|---|
| १ | मंगलापुर कान्छीवजार सडक वडा नं ७, ९, १० |
| २ | पत्थरडाँडा तिनाउ सडक १५, १३, १४ |
| ३ | डाइभरटोल शिवपूर सडक १, ८, ११ |
| ४ | गणेशनगर, शिवपूर, सेमरा, मुडियारी सडक ८, १२, ११, ७, १७ |
| ५ | भलवारी तिनाउ सडक ७, ६ |
| ६ | शंकरनगर वनवाटिका सडक १, २ |
| ७ | कोटिहवा कानपारा सडक १५, १६, १७ |
| ८ | पूरानो सडक (डाइभरटोल-कोटिहवा ) ४, ६, ७, १३, १४ |
| ९ | रोहिणी पुलबाट भूपू सैनिक हुँदै कान्छिबजार जमुहानी ठटहारिया सडक ११, १०, १७ |
| १० | शंकरपुरबाट नगरपालिका भवन निर्माणस्थल जोडने सडक ५, ९, ६ |
| ११ | मधवलिया, कान्छीवजार सडक १५, १६, १० |
| १२ | भरौलिया ठटरिया कानपारा सडक वार्ड नं. १७ |
| १३ | कोटिहवा टिकुलीगढ सडक १५, १३, १४ |
| १४ | सिता राइस मिल डिंगरनगर सडक ३ |
| १५ | योगीकुटी शारादा स्कूल भवानीपुर जोडने सडक २, १, ११ |
| १६ | टिकुलीगढ पश्चिम पहुने गोरकट्टा जोडेनी डिंगरनगर योगीकुटी सडक ( १३, १४, ६, ४, ३ |
| १७ | नयाँ मिल तिनाउ सडक ४, ६ |
| १८ | न्यूलाईट प्रेमनगर सडक वाड नं. १ |
| १९ | योगिकुटी शिवचोक प्रेमनगर टिकाभवन, मंगलापुर २, १, ९ |
| २० | शिवपुर बुधबारे, मक्रहर, व्यूरा सडक वाड १२ |
| २१ | सखुहानी विहुली गंगोलिया सडक १५, १६, १७ |
| २२ | नयाँ मिल प्रगतिचोक रामनगर भलवारी सडक १, ५, ८, ७ |
| २३ | पुर्वपहुनी डाडा, कुन्जलापुर, भक्तपुर, सितारार्इमिल जोडिने सडक ( वाड नं ६, ४ र ३) |
| २४ | जहदा मुडियारी सडक ७ र १७ |
| २५ | जवरजस्तपुर लख[illegible] चोक वाड नं १४ |

**निर्णय नं ५**

- आर्थिक वर्ष २०७४।०७५ को बजेट शीर्षक नं ७.६ अन्तर्गतको सडक गाभ्रेल योजनाहरुको कार्यसम्पादन, वडा कार्यालयको सिफारिस एवं कार्यसम्पन्न प्रतिवेदन र प्रचलित कानूनको अधिनमा रही भुक्तानी प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं ६**

- पाँच नं प्रदेश सरकारका मन्त्रालय, विभाग, कार्यालयहरु लगायतका भौतिक पूर्वाधारहरु निर्माणका लागि तिलोत्तमा नगरपालिका वार्ड नं ६ र ७ लगयतका उपयुक्त स्थानमा पूर्वाधार निर्माणको लागि आवश्यक सार्वजनिक तथा सरकारी जग्गा उपलब्ध गराउन सिफारिस गर्ने निर्णय गरियो ।
- यसैगरी तिलोत्तमा नगरपालिका वार्ड नं ३ मा रहेको शंकरनगर खानेपानी तथा सरसफाई संस्थालाई यस नगरपालिका वार्ड नं. ४ श्रृगेश्वरधामसँग जोडिएको उत्तरतर्फको सार्वजनिक जग्गा मध्ये दस कठ्ठा जग्गा व्यवस्थापन गर्ने निर्णय गरियो ।
- वडा नं ४ मा अवस्थित जनज्योति खेलमैदानसँग जोडिएको नदी उभारको १० कठ्ठा जग्गा स्थानीय तहको खेलकूद प्रवर्द्धनको लागि मणिमुकुन्द क्लव मार्फत भलिबल कोर्ट निर्माणका लागि व्यवस्थापन गर्ने निर्णय गरियो ।
- वार्ड नं ६ को वडा कार्यालयसँग जोडिएको यस नगरपापिलकाको स्वाभित्वमा रहेको करिव दुई कठ्ठा जमीन नगरपालिकाबाट अर्को व्यवस्था नभएसम्मको ब्याडमिन्टन कर्भड हल निर्माण गर्नको लागि नगरपालिका र हिमाल युथ क्लवले संयुक्त व्यवस्थापन गर्ने गरि प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं ७**

- नगर प्रमुखद्धारा वैठक नं १६ मा पेश गरिएको **जग्गा प्लटिङ्ग मापदण्ड** २०७४ आवश्यक पृष्ठपोषण सहित आजको वैठकमा पेश भएकोमा उक्त मापदण्डलाई पारित गरियो ।

**निर्णय नं ८**

- तिलोत्तमा नगरपालिका भित्र संचालनमा रहेको क्रसर उद्योगका बारेमा स्थानीय नागरिक र सम्वन्धित वार्ड कार्यालयहरुबाट उल्लिखित उद्योगहरुले वातावरणमा नकारात्मक प्रभाव पारेको र प्रचलित कानून अनुसार संचलानमा नआएको भन्ने लगायतका गुनासाहरु आएको हुँदा उक्त उल्लिखित उद्योगहरुलाई उद्योग दर्ता, नविकरण, कर चुक्ता, वातावणीय प्रभाव न्यूनीकरणका लागि अपनाईएका व्यवस्थाहरु लगायतका अन्य आवश्यक विवरणहरु १५ दिन भित्र यस कार्यालयमा उपलब्ध गराउन पत्राचार गर्ने र सम्बन्धित उद्योगबाट प्राप्त विवरण अध्ययन गरी प्रचलित कानूनको अधिनमा रही आवश्यक कारवाही अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं ९**

- तिलोत्तमा नगरपालिकाको आचार संहिता २०७४ को दफा १३ बमोजिम संहिता कार्यान्वयन तथा सार्वजनिकरणका लागि देहाय बमोजिमको तीन सदस्यीय **आचार संहिता कार्यान्वयन समिति** गठन गर्ने निर्णय गरियो ।
    - नगर उपप्रमुख श्री जगेश्वर देवी चौधरी — संयोजक
    - कार्यपालिका सदस्य श्री कृष्ण प्रसाद पौडेल — सदस्य
    - कार्यपालिका सदस्य श्री संगिता गुरुङ्ग — सदस्य

निर्णय नं १०

- खानेपानी तथा शहरी विकास मन्त्रालय, शहरी विकास तथा भवन निर्माण विभाग, शहरी शासन तथा पूर्वाधार विकास आयोजनाले यस नगरपालिकामा विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार पार्नको लागि चरणवद्ध छलफलबाट छनौट भई आएका आयोजनाहरु मध्ये देहाय बमोजिमका आयोजनाहरुको प्राथमिकीकरण निर्धारण गरी सिफारिस गर्ने निर्णय गरियो

१. तिलोत्तमा नगरपालिकाको एकीकृत सडक विकास आयोजना

| क.सं | सडकको नाम र वडा नं |
|---|---|
| १ | मंगलापुर कान्छीवजार सडक वडा नं ७, ९, १० |
| २ | पत्थरडाँडा तिनाउ सडक १५, १३, १४ |
| ३ | डाइभरटोल शिवपूर सडक १, ८, ११ |
| ४ | गणेशनगर, शिवपूर, सेमरा, मुडियारी सडक ८, १२, ११, ७, १७ |
| ५ | भलवारी तिनाउ सडक ७, ६ |
| ६ | शंकरनगर वनवाटिका सडक १, २ |
| ७ | कोटिहवा कानपारा सडक १५, १६, १७ |
| ८ | पूरानो सडक (डाइभरटोल-कोटिहवा ) ४, ६, ७, १३, १४ |
| ९ | रोहिणी पुलबाट भूपू सैनिक हुँदै कान्छिबजार जमुहानी ठटहारिया सडक ११, १०, १७ |
| १० | शंकरपुरबाट नगरपालिका भवन निर्माणस्थल जोडने सडक ५, ९, ६ |
| ११ | मधवलिया, कान्छीवजार सडक १५, १६, १७, १० |
| १२ | भरौलिया ठटरिया कानपारा सडक वार्ड नं. १७ |
| १३ | कोटिहवा टिकुलीगढ सडक १५, १३, १४ |
| १४ | सिता राइस मिल डिंगरनगर सडक ३ |
| १५ | योगीकुटी शारादा स्कूल भवानीपुर जोडने सडक २, १, ११ |
| १६ | टिकुलीगढ पश्चिम पहुने गोरकट्टा जोडेनी डिंगरनगर योगीकुटी सडक ( १३, १४, ६, ४, ३ |
| १७ | नयाँ मिल तिनाउ सडक ४, ६ |
| १८ | न्यूलाईट प्रेमनगर सडक वाड नं. १ |
| १९ | योगिकुटी शिवचोक प्रेमनगर टिकाभवन, मंगलापुर २, १, ९ |
| २० | शिवपुर बुधबारे, मक्रहर, व्यूरा सडक वाड १२ |
| २१ | सखुहानी विहुली गंगोलिया सडक १५, १६, १७ |
| २२ | नयाँ मिल प्रगतिचोक रामनगर भलवारी सडक १, ५, ८, ७ |
| २३ | पुर्वपहुनी डाडा, कुन्जलापुर, भक्तपुर, सिताराईमिल जोडिने सडक ( वाड नं ६, ४ र ३) |
| २४ | जहदा मुडियोरी सडक ७ र १७ |
| २५ | जवरजस्तपुर लखन चोक वाड नं १४ |

२. क्षेत्रीय बसपार्क (वडा नम्वर १३ र १४ टिकुलीगढ)
३. फोहोरमैला व्यवस्थापन आयोजना वाड नं १, ८ (शंकर नगर र करहिया सामुदायिक वनको हाईटेन्शन लाईनमुनिको खाली क्षेत्र, र वडा नं. १४ को रेहरा )
४. कृषि उपज संकलन तथा प्रशोधन केन्द्र (शीत भण्डार सहित) वाड नं. १७
५. तिलोत्तमा नगरपालिकाको एकीकृत ढल निकास तथा व्यवस्थापन आयोजना
६. खानेपानी आयोजना (वडा नं. १०, ११, १२, १३, १४, १७)
७. एकिकृत पार्क विकास तथा प्रत्येक वार्डमा कम्तिमा एकवटा पार्क निर्माण (कुन्ज पार्क, झलरी वगिया, सम्झना वाल पार्क, मडाहा, तिनाउ वगर, सहिद मेमोरीयल पार्क, वाउन्न कोटी सामुदायीक वन, पश्चिम पहुनी हात्ति पार्क)
८. तिलोत्तमा चक्रपथ
९. नगरस्तरीय रंगशाला तथा खेलमैदान निर्माण योजना (जनज्योती खेल मैदान, कुन्जलापूर, मैनहवा, भु. पु.सैनिक, जितपूर सरस्वती स्कुल, झलरी वगिया, विहुली, टिकुलीगढ उ मा वि)
१०. मोक्षधाम धार्मिक पर्यटकिय क्षेत्र विकास योजना (वार्ड नं. ६)
११. भ्यू टावर निर्माण (तिलोत्तमा १/२)
१२. प्राबिधिक शिक्षा केन्द्र निर्माण योजना (तिलोत्तमा १६)
१३. तटबन्ध कार्य र नदि किनारा संरक्षण विकास योजना (तिनाउ नदि, रोहीणी नदी, सुखौरा खोला, जोगीकुटी प्रेमनगर, जोगीकुटी शारदा स्कुल, वनवाटीका केउलानी खोला, मुडियारी खोला, थापा खोला, कानपारा दक्षीण र उत्तर)
१४. वनवाटिका क्षेत्रीय मनोरन्जन पार्क तथा जनावर संरक्षण क्षेत्र आयोजना (शंकरनगर वन विहार तथा अनुसन्धान केन्द्र)
१५. व्यवसायीक बहुउद्धेश्यीय भवन निर्माण योजना
१६. स्थानीय हाटवजार निर्माण (डांइभरटोल, मणिग्राम, सेमरावजार, कालिका स्थान, कान्छिवजार लगायत अन्य वजार समेत)
१७. मशानघाट क्षेत्र विकास योजना (मगरघाट, जमुनाघाट, दर्खसवा घाट तथा अन्य घाट समेत)
१८. सिंचाइ सुधार परियोजना १६।३६ मौजा सहित (वार्ड नं. ७, १५, १६ बाट जाने नहर, लौसी खोला, डाडा खोला)
१९. सम्पूर्ण वडा कार्यालय भवन निर्माण योजना
२०. तिलोत्तमा नगरपालिकामा एकीकृत जग्गा विकास योजना ।

**निर्णय नं ११**

- मिति २०७४।१२।०६ गते बाट हुने अवलोकन भ्रमण पछि जनप्रतिनिधीहरु र कर्मचारीहरुको क्षमता अविबृद्धिका लागि तालीम संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं १२**

- चालु आर्थिक वर्षको फाल्गुण महिनाको आय व्ययको विवरणको बारेमा जानकारी लिई नगपालिकाको चालु आ.व.को पूँजीगत खर्चलाई बढाउनलाई नगरपालिकालाई निर्देशन दिने निर्णय गरियो ।